

भर्च्युअल अन्तर्क्रिया कार्यक्रमको संक्षिप्त प्रतिवेदन

# मधेशमा शिक्षाका सवाल

## केही उद्धरणहरू

**मधेशमा शिक्षाका सवाल : केही उद्धरणहरू**
**Education in Madhesh: Excerpts**
(Report of a Webinar- contains English summary)

| | | |
|---|---|---|
| पत्राचारका लागि | : | **शिक्षा नीति तथा अभ्यास केन्द्र**<br>**Centre for Educational Policies and Practices**<br>तीनकुने, काठमाडौं |
| फोन नं. | : | +९७७-०१-४११२३२० |
| पो.ब.नं. | : | ४५५५, काठमाडौं, नेपाल |
| E-mail | : | info@schoolingnepal.org |
| Web site | : | www.schoolingnepal.org |

| | | |
|---|---|---|
| प्रकाशन मिति | : | २०७८, भदौ (August, 2021) |
| प्रकाशन प्रति | : | १,००० |
| मूल्य | : | रू.१००.०० |

| | | |
|---|---|---|
| आवरण सौजन्य | : | Relative Nepal, Janakpur, अब्दुल रउफ़ खान (back cover text) |
| फोटो तथा चित्रहरू | : | इन्टरनेटबाट साभार |
| लेआउट | : | कामसिंह चेपाङ |

# मधेशमा
# शिक्षाका सवाल
## केही उद्धरणहरू

**भर्च्युअल अन्तर्क्रिया कार्यक्रमको संक्षिप्त प्रतिवेदन**

२०७७ कात्तिक १९ गते बुधबार
(4th November, 2020)

**शिक्षा नीति तथा अभ्यास केन्द्र**
**Centre for Educational Policies and Practices**
**Phone:** +977-01-4112320
**P.O.Box:** 4555, Kathmandu, Nepal
**E-mail:** info@schoolingnepal.org
**Web site:** www.schoolingnepal.org

# विषयसूची


१. **छलफलको सारांश** ४
२. **पृष्ठभूमि र उद्देश्य** ६
३. **मन्तव्यका उद्धृत सारहरु** ८
क. प्रस्तोताहरू ८
**डा. विनय कुमार कुशियत**, प्राध्यापक, त्रिभुवन विश्वविद्यालय ८
**डा. प्रमोद मिश्रा**, प्राध्यापक, अमेरिका ९
**राजकिशोर रजक**, सामाजिक अभियानकर्ता ९
**सलमा खातुन**, उपप्रमुख पोखरिया नगरपालिका १०
**कृष्ण काप्री**, सचिव, सामाजिक विकास मन्त्रालय, प्रदेश २ १०
ख. टिप्पणीकर्ता र सहभागीहरू ११
**मा. गिरिराजमणि पोखरेल**, संघीय मन्त्री, शिक्षा, विज्ञान तथा प्रविधि ११
**अब्दुल रउफ़ खान**, पूर्व शिक्षा अधिकारी, मदरसा शिक्षा अभियानकर्ता १२
**प्रा. केदारभक्त माथेमा**, शिक्षाविद्, पूर्व उपकुलपति/कूटनीतिज्ञ १२
**सर्वेन्द्रनाथ शुक्ला**, पूर्व शिक्षामन्त्री, राजनीतिज्ञ १३
**नवल किशोर यादव**, शैक्षिक अभियानकर्ता १३
**मोहना अन्सारी**, मानव अधिकारकर्मी, पूर्वआयुक्त, मानव अधिकार आयोग १४
**तुला नारायण शाह**, मधेशी अधिकार अभियानकर्ता, विश्लेषक १४
**मा. उषा झा**, सदस्य, राष्ट्रिय योजना आयोग १५
**मा. प्रदीप गिरी**, सांसद्, प्रतिनिधि सभा १५
**मा. नवल किशोर शाह**, सामाजिक विकास मन्त्री, प्रदेश २ १६
**रामभरोस कापरी 'भ्रमर'**, भाषाविद्, साहित्यकार १६
**मोनिका सिंह**, सामाजिक/राजनैतिक कार्यकर्ता १७
**डा. विद्यानाथ कोइराला**, शिक्षाविद्, प्राध्यापक, त्रिभुवन विश्वविद्यालय १७
**उषा तितिक्षु**, सामाजिक अभियानकर्ता, फोटो पत्रकार १८
**चन्द्र किशोर**, पत्रकार, गान्धीवादी १८
४. Summary of the Education in Madhesh Webinar २०
List of Participants २२

# १ छलफलको सारांश

मधेशको शिक्षाको बाधक भेदभाव रहेको कुरा वेबिनारमा बारम्बार उठ्यो । जेलिएर रहेका यसका अनेकन रूपहरूका विवरण प्रस्तुत भए । गम्भीर रूपमा रहेको जातीय तथा लैङ्गिक भेदभाव र भौगोलिक भेदभावसँगै स्थानगत विविधता (राजमार्ग वरपरका, भारतीय सीमा नजिकका तथा यिनका बीच रहेका स्थानहरू) पनि भेदभावका स्वरूपमा रहेको कुरा चर्चा भयो । नेपालको केन्द्रीय सत्ताले गरेको भेदभाव र शिक्षाको माध्यम भाषाको रूपमा राष्ट्रभाषा भनेर नेपाली भाषा लादिएको कुरा छलफलमा प्रशस्त उठ्यो । भाषाकै कारण लोकसेवामा मधेशीहरूको सहभागिता एकदमै न्यून रहेको बताइयो । सेवा प्रवेश गर्दा धेरै औपचारिक परीक्षा नभएकाले मधेशीको संलग्नता शिक्षण पेशामा मात्र सीमित रहेको छलफलले महसूस गरायो । यो संलग्नता शिक्षण पेसा व्यवस्थित गर्ने क्रममा परीक्षा नलिई काम गरेको अवधिका आधारमा स्थायी गरिएको र त्यहाँ मधेशीहरूको उल्लेख्य संख्या रहन गएको कुरा छलफलमा आएको थियो ।

समस्याको अर्को ठूलो थुप्रो भने शासन प्रणालीसँग सम्बन्धित थियो । सहभागीलाई शिक्षा कुनै पनि तहको सरकारको प्राथमिकतामा रहेको लागेन । पालिकाहरू नयाँ हुनुका साथै त्यहाँ शिक्षा व्यवस्थापनका लागि क्षमता सीमित भएकाले शिक्षालाई प्राथमिकता दिनुपर्ने धारणाको कमी पाइयो । प्रादेशिक सरकारको समन्वयकारी भूमिका कमजोर हुनु नै शिक्षा सुधारमा कदम नचल्नुको एक कारण रहेको महसूस गरिएको थियो । *बेटी बचाऊ, बेटी पढाऊ* जस्ता उच्च

लगानीका अभियान सकारात्मक भए पनि मूल्याङ्कन तथा सुधार गर्नु जरूरी रहेको कुराप्रति पनि सहभागीहरूले ध्यानाकर्षण गराएका थिए ।

समग्रमा, देशका अन्य समस्याहरूसँगै शिक्षक व्यवस्थापनको मुद्दा पनि अगाडि आयो । प्रायः शिक्षक तुलनात्मक रूपमा राम्रो सामाजिक तथा आर्थिक स्थितिबाट र विद्यार्थी भने निम्न स्थितिबाट आउने भएकाले शिक्षकले भेदभावलाई निरन्तरता दिइरहेको पनि उल्लेख भयो । भ्रष्टाचार, अपर्याप्त स्रोतसाधन, कम जवाफदेही र आवश्यकता अनुरूप नभएका भौतिक पूर्वाधार जस्ता समस्या पनि बहसमा समावेश भए । त्यस्तै, शिक्षाले जीवनोपयोगी सीप सिकाउन नसकेको र रोजगार उन्मुख हुन नसकेकोबारे केही गहन संवाद तथा विवाद पनि भए । दुर्भाग्यवश, शिक्षा कुनै दलको राजनीतिक विषय सूचीमा नभए पनि यस क्षेत्रमा चरम राजनैतिक पक्षपात रहेको स्वीकार गरियो ।

माथि भनिएका समस्या हल गर्न युवाको नेतृत्वमा शिक्षाको लागि आन्दोलन थाल्न जरूरी भएको महसूस गरियो । अभिभावक (विशेषतः आमा) मार्फत पाइने शिक्षाका साथै विद्यालय तहको पढाइ सकेका युवाका लागि व्यावसायिक शिक्षा दिनुपर्नेमा जोड दिइएको थियो । शिक्षकको नियुक्ति गर्न पाउने अधिकार सङ्घीय स्तरमा मात्र सीमित राखिएकोबारे प्रतिवाद गर्दै सो अधिकार तल्लो तहमा आउनुपर्ने माग राखिएको थियो । हालको अवस्थामा बढी भन्दा बढी विद्यार्थी सरकारी विद्यालयमा भर्ना भए पनि शिक्षाका लागि भने निजी विद्यालयमा भर पर्ने गरेकाले निजी शिक्षाबारे पनि थप विचार विमर्श गर्न आवश्यक रहेको पाइयो ।

शिक्षामा हुने सकारात्मक हस्तक्षेपले पक्कै पनि माथि उल्लेखित सबै खालका भेदभावलाई सम्बोधन गर्न सक्छ । शैक्षिक पक्षबाट विभेदका बारेमा पर्याप्त ध्यान दिइएको छैन । शिक्षाका मुद्दामा काम गर्न चासो तथा क्षमता हुन महत्त्वपूर्ण छ । प्रदेशको समन्वयकारी नेतृत्वले महत्त्वपूर्ण फेरबदल ल्याउन सक्छ भन्ने धेरै सहभागीहरूको आशय पाइयो ।

यस प्रतिवेदनमा विचारको विविधता र सघनता व्यक्त हुने गरी प्रस्तुति, टिप्पणी र छलफलमा आएका वक्ताका मौलिक विचारहरूको सार उद्धृत गरी राखिएको छ ।

# २ पृष्ठभूमि र उद्देश्य

दुर्गम कर्णाली जाऔं वा चुरे चढौं वा सुगम पहाडी बजार पुगौं 'बीएस्सी सर' मधेशी शिक्षकका पर्यायवाची थिए। अमीन हुन् वा इन्जिनियर, डाक्टर हुन् वा अहेव मधेशी नभेटिने सम्भावना कमै हुन्थ्यो। प्राचीन कालदेखि एकाध दशक अघिसम्मको शिक्षाको स्थिति हेर्दा मधेश-तराईमा यो कुरा मिथक जस्तो भएको छ। यस दृष्टिले नेपालका चिकित्सक पृष्ठभूमिका प्रथम राष्ट्रपति वा रसियन नेपाली धनाढ्य महतो अझै विडम्बनाका उदाहरण लाग्छन्। सार्वजनिक लाभका पदमा मधेशी मूलका मानिसहरूको प्रतिनिधित्व ५-१० प्रतिशत जति छ जब कि जनसंख्या एक तिहाइ भन्दा बढी छ। संघीय प्रणाली शुरू हुने बेलासम्म राजनैतिक प्रतिनिधित्व पनि नगण्य नै थियो। प्रदेश २ बनेपछि प्रदेश बाहिरका मधेशी क्षेत्रहरू अझ सीमान्तकृत भएका छन्। साक्षरता, प्राथमिक तहको भर्ना, विद्यालय तह पार गर्ने विद्यार्थी आदि शिक्षाका सूचकहरूको आधारमा तुलना गरेर हेर्दा प्रदेश २ अरू प्रदेश भन्दा निकै पछि देखिन्छ। उच्च शिक्षाका धेरै विद्यालय वा तालिम केन्द्रहरू यस क्षेत्रमा होलान् तर ती मधेशका विशेषता, आवश्यकता र स्वामित्व बोक्ने खालका छैनन्। राजर्षि जनक, विद्यापति, गोनु झाका तहमा कुरा त कहिले पुग्ने हुन्! धेरै छोरीहरू, सदा र रामहरूका केटाकेटीले विद्यालय देख्नै पनि बाँकी छ!

२०७७ साल कात्तिक १९ गते यसो किन भयो वा भइरहेको छ, माथिको चित्र अतिरञ्जित हो वा होइन, हो भने यसलाई सच्याउन के गर्नुपर्छ, के गर्न सकिन्छ, कसले के गर्नुपर्छ भन्ने प्रश्नहरूको वरिपरि बहुपक्षीय भर्च्युअल



**डा. सुरेन्द्र लाभ**
प्राध्यापक, नीति विश्लेषक

छलफल आयोजना गरिएको थियो । यस छलफलका दुई प्रमुख अभिप्राय थिए ः

१) मधेशको मुख्य भूभाग ओगट्ने प्रदेश २ मा शैक्षिक सूचकाङ्कहरू निकै कम भएकाले मधेशको शिक्षा सम्बन्धी मुद्दाबारे चर्चा गर्नु आवश्यक थियो ।

२) शिक्षा नीति तथा अभ्यास केन्द्रले यस विशेष भौगोलिक क्षेत्रमा काम गर्न थालेपछि प्रभावकारी रूपमा काम गर्ने विश्वास बटुल्न यहाँको सन्दर्भ बुझ्न आवश्यक थियो ।



**टीका भट्टराई**
शिक्षाकर्मी

शिक्षा नीति तथा अभ्यास केन्द्रले आयोजना गरेको यो कार्यक्रम टीका भटराईले शुरू गरी डा. सुरेन्द्र लाभले सञ्चालन गर्नुभएको थियो भने चन्द्र किशोरले आखिरमा उपसंहार प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा आमन्त्रित वक्ताहरूको प्रस्तुतिपछि टिप्पणीकर्ताहरूले आफ्ना कुराहरू राख्नुभयो । टिप्पणीपछि सहभागीहरूले आफ्नो विचार राख्नु भएको थियो । कार्यक्रममा महिला, आदिवासी जनजाति, दलित तथा मुस्लिम समुदाय सहित सङ्घीय तथा प्रादेशिक शिक्षा मन्त्रीद्वय, राजनीतिज्ञ, शिक्षाविद्, नागरिक समाजका अभियानकर्ता, स्थानीय सरकारका प्रतिनिधि तथा मधेशको शिक्षामा प्रभाव राख्न सक्ने विभिन्न क्षेत्रका व्यक्तित्वहरू सहभागी हुनुभएको थियो ।

(प्रतिवेदनको पुछारमा सहभागीको सूची राखिएको छ ।)

# ३ मन्तव्यका उद्धृत सारहरू

## क. प्रस्तोताहरू



**डा. विनय कुमार कुशियत**
प्राध्यापक, त्रिभुवन विश्वविद्यालय


मानव विकास सूचकाङ्क हेर्दा कर्णाली र मधेश हाराहारीमै छन् । राज्यले सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक परिवेश बुझ्न जरूरी छ । तराईको शिक्षामा न्यून जवाफदेहिता, भाषिक वञ्चितीकरण, भ्रष्टाचार, फितलो व्यवस्थापन, फितलो शिक्षक-विद्यार्थी सम्बन्ध, कमजोर अभिभावक ठूला समस्या हुन् । शिक्षामा समावेशिता र समता सुनिश्चित गर्न आवश्यक छ ।



डा. प्रमोद मिश्रा
प्राध्यापक, अमेरिका

मधेशमा पिछडिएका वर्ग र जातलाई शिक्षित भएर पनि जागिर पाउन मुश्किल छ। त्यसकारण मधेशमा संरचनात्मक परिवर्तन हुन जरूरी छ। बहुभाषी लोकसेवा आयोग हुनुपर्छ। यसले मनोवैज्ञानिक फाइदा हुन्छ र संरचनात्मक सक्षमता पनि बढाउँछ। शिक्षक नियुक्तिको अधिकार संघीय सरकारसँग छ र यो संरचनात्मक समस्यालाई सम्बोधन गर्नुपर्छ। शिक्षक नियुक्तिको अधिकार प्रदेश र स्थानीय सरकारलाई दिनुपर्छ। मधेशका विद्यालयमा विद्यार्थीमाथि कुनै पनि किसिमको विभेद हुन नदिन प्रत्येक विद्यालयमा बहुजातीय समावेशी आधारमा शिक्षक नियुक्ति गर्न अति नै आवश्यक छ।

पहाडिया दलितको तुलनामा मधेशी दलितको साक्षरता दर कम हुनुमा भाषासँगको सम्बन्ध छ। मधेशमा अझै उचनिच, पवित्र अपवित्रको भावना छ। मधेशी दलितसँग भाषा भएन, राज्य पनि भएन र समाज पनि छैन। अहिले पनि विद्यार्थीलाई दलित भएकै कारण शिक्षकबाटै भेदभाव हुन्छ। शिक्षित भइसकेपछि त्यस किसिमका सामाजिक मानसिकताबाट मुक्त हुनुपर्ने हो तर शिक्षाले त्यस्ता विभेदलाई विनाश नगर्दो रहेछ।



राजकिशोर रजक
सामाजिक अभियानकर्ता



**सलमा खातुन**
उपप्रमुख पोखरिया नगरपालिका

मधेशमा मात्र नभई पूरै नेपालमा परिवार र विद्यालयबाट छात्र र छात्राबीच विभेद हुन्छ । जुन बालिकाहरूले उच्च शिक्षा हासिल गर्छन् उनीहरूले आफूलाई भाग्यमानी मान्नुपर्ने अवस्था छ । दलित सीमान्तकृत समुदाय आफ्ना बालबालिका विद्यालय पठाउँदा सुरक्षित ठान्दैनन् ।

उनीहरू पछाडि पर्नुमा धार्मिक, राजनीतिक र सामाजिक कारण सँगसँगै बालबालिकाका अभिभावक र अभिभावकमा पनि आमाहरूलाई समेट्न नसकेर हो । नेताहरू मात्र नभई समाजमा रहेका अगुवा, धार्मिक अगुवाहरू इमान्दार रहेर जनतालाई प्रोत्साहित नगरेसम्म मधेशमा महिलाको शिक्षामा सहभागिता बढ्न सक्दैन ।

प्रदेश सरकारका साझा नीतिहरू तर्जुमा गराउन बाँकी रहे पनि शिक्षामा पहुँच र गुणस्तर वृद्धिका लागि केही प्रयासहरू अगाडि बढेका छन् । प्रदेश स्तरमा शिक्षकहरूको तालिम, क्षमता विकास र पूर्वाधार विकासका कार्यक्रम भइरहेका छन् । अपाङ्गता भएका विद्यार्थीहरूका लागि प्राविधिक क्षेत्रमा पहुँच विस्तार गर्ने विशिष्ट विद्यालय स्थापना गर्ने, किशोरीको सहभागिता बढाउने जस्ता प्रयास भइरहेका छन् ।



**कृष्ण काप्री**
सचिव, सामाजिक विकास मन्त्रालय, प्रदेश २

## ख. टिप्पणीकर्ता र सहभागीहरू



**मा. गिरिराजमणि पोखरेल**
संघीय मन्त्री, शिक्षा,
विज्ञान तथा प्रविधि

शिक्षालाई श्रमसँग, श्रमलाई सीपसँग, सीपलाई उत्पादनसँग र उत्पादनलाई समृद्धिसँग जोड्नु पर्छ । मधेशमा शिक्षालाई उत्पादनसँग जोड्ने अवसर र आधारहरू छन् । मधेशको शिक्षा सामाजिक र आर्थिक पक्षसँग नजोडी सम्भव हुँदैन । शिक्षामा दलितको समस्या एउटा ठूलो मुद्दा हो र यसलाई पनि सामाजिक आर्थिक रूपान्तरणबाट मात्र हल गर्न सक्छौं ।

मधेशको शिक्षामा रहेको समस्या समाधान गर्न अहिलेको शैक्षिक संरचना असक्षम छ । यसले एउटा बृहत् खालको अभियान माग गरेको छ । यो अभियान विज्ञान र प्रविधि, नवप्रवर्तनमा भएका परिवर्तनहरूसँग जोडेर लैजानु पर्छ । मधेशका केटाकेटीहरूलाई यो युग परिवर्तनसँग जोड्नु पर्छ । यसको लागि केही व्यक्ति दिनरात नभनी सपनालाई विपना बनाएर नहिँडी हुँदैन ।



**अब्दुल रउफ़ खान**
पूर्व शिक्षा अधिकारी, मदरसा शिक्षा अभियानकर्ता

पुरानो शिक्षा पद्धतिमध्ये निःशुल्क मदरसा शिक्षा अहिले सरकारको बेवास्ता र नीतिका कमीका कारण नाजुक अवस्थामा छ । अझै पनि धेरै मुस्लिम बालबालिकाहरूको शिक्षामा पहुँच छैन । अहिले शिक्षा राजनीतिकरणको चपेटामा छ । प्रअ र शिक्षकलाई जिम्मेवार बनाउन जरूरी छ । समावेशी शिक्षक पनि आजको आवश्यकता हो । सरकारले दूरगामी नीति बनाउन नसक्दाको फल अहिले हामी भोगिरहेका छौं ।

सबैभन्दा पहिले राजनीतिकरणको सञ्चालन समिति र शिक्षक छनोटमा हुने अनियमितताको अन्त्य हुनुपर्छ । मधेशको शिक्षा सुधारको लागि बलियो अनुगमन अर्को महत्त्वपूर्ण पाटो हो । हरेक प्रदेशमा शिक्षक तालिम केन्द्र खोलेर शिक्षकको मनोबल बढाउने काम गर्नुपर्छ जसले शिक्षकको मनोवृत्ति, सीप र ज्ञानमा जोड दियोस् र एउटा असल संस्कृतिको विकास गरोस् ।



**प्रा. केदारभक्त माथेमा**
शिक्षाविद्,
पूर्व उपकुलपति/कूटनीतिज्ञ



**सर्वेन्द्रनाथ शुक्ला**
पूर्व शिक्षामन्त्री, राजनीतिज्ञ

जुन बेला विद्यालयमा पूर्वाधार थिएन मधेशका शिक्षकहरू पहाड गए तर विस्तारै राज्यको विभेदले उनीहरू पनि विस्थापित भए । अहिले पनि राम्रो साक्षरता दर भएका जिल्लाका दक्षिणी भेग अपहेलित छन् । आर्थिक उत्थानका लागि शिक्षालाई स्वरोजगारीसँग अनिवार्य जोड्नु पर्छ । विद्यालयमा सामान्य सुविधा थपेर प्राविधिक शिक्षालय बनाउन सकिन्छ । शिक्षा प्रणालीलाई सामान्य फरक मात्र गरियो भने तत्काललाई धेरै कुरा गर्न सकिन्छ । संस्कृति बाधक होइन, समाजको कुरीति बाधक हो ।

३० वर्ष पहिले र अहिलेको अवस्थामा धेरै सकारात्मक परिवर्तन देख्न सक्छौं । अहिलेका युवा पुस्ता चेतनशील छन् । मात्रै राजनीतिक इच्छाशक्ति नभएको र स्थानीय सरकारले संवैधानिक अधिकारअनुसार अभ्यास गर्न नसकेको अवस्था हो । शिक्षक छनोट र व्यवस्थापन गर्ने स्वतन्त्र निकाय भयो भने शिक्षामा गुणस्तरीय सुधार ल्याउन सकिन्छ ।



**नवल किशोर यादव**
शैक्षिक अभियानकर्ता



**मोहना अन्सारी**
मानव अधिकारकर्मी, पूर्वआयुक्त,
मानव अधिकार आयोग

संविधानले दिएको मौलिक हक मातृभाषामा शिक्षा मधेशमा राम्रोसँग कार्यान्वयन भएको छैन । दलित बालबालिकालाई स्थानीय जनप्रतिनिधिहरूले समेत भेदभावको नजरले हेर्ने अवस्था कायम नै छ । मदरसालाई मूलधार शिक्षामा नलैजाने र संस्कृत विद्यालयमा विद्यार्थी न्यून भए पनि अनुदानको पैसा धेरै दिने राज्यद्वारा विभेद गरिएको अवस्था छ । समग्रमा मधेशमा शिक्षा खस्कँदो अवस्थामा छ ।

उच्च जातको तुलना गर्दा मधेश र पहाडको साक्षरता बराबर छ । त्यसैले मधेशको कुरा गर्दा समग्र साक्षरता दरमा तुलना नगरी दलित, मुस्लिम, महिला र अन्य जातीय तथ्याङ्क केन्द्रित कुरा गर्नुपर्छ ।

मधेशका विद्यालय कुलीनहरूको नियन्त्रणमा, राजनीति उच्च र मध्यम जातको नियन्त्रणमा छ, सामुदायिक विद्यालयमा जाने विद्यार्थी दलित र तल्लो तप्काका मानिसहरू छन् । यी तीन बीचको तालमेल नमिलेको कारण विद्यालय शिक्षा र समाजप्रति कोही जिम्मेवार छैनन् । शिक्षा राजनीतिक एजेन्डा नबनेसम्म शिक्षामा ठूलो सुधार ल्याउने अरू विकल्प छैन ।



**तुला नारायण शाह**
मधेशी अधिकार अभियानकर्ता,
विश्लेषक



**मा. उषा झा**
सदस्य, राष्ट्रिय योजना आयोग

मधेश शिक्षाका सवालमा संघ, प्रदेश, स्थानीय निकाय र नागरिक समाजको भूमिकाबारे मन्त्रालयलाई नझकझकाएसम्म कार्ययोजनामा आउँदैन । पैसा खर्च भइरहेको छ तर राम्रो कार्ययोजना आइरहेको छैन । कार्यान्वयन गर्ने ठाउँमा बसेकाहरूलाई जिम्मेवारी बोध गराउने कार्यक्रम ल्याउन सकियो भने नीतिगत रूपमा राष्ट्रिय योजना आयोग सहयोग गर्न तयार छ । शिक्षा क्षेत्रमा यति राम्रो बहस हुने ठाउँ छ भनेर पहिले थाहा भएको भए हामी अझै धेरै काम गरिसकेका हुन्थ्यौं ।



**मा. प्रदीप गिरी**
सांसद, प्रतिनिधि सभा

शिक्षामा राजनीतिकरण राम्रो हो तर स्वस्थ राजनीति नहुँदा आज राजनीतिकरणले बाधा उत्पन्न गरेको छ । राजनीति भनेको सत्तामा जाने माध्यम मात्र नभई मानवीय संवेदना, कला, साहित्य, संस्कृति, भाषाको उत्थान पनि हो । यसका लागि कहीं न कहीं प्रदेश सरकार र स्थानीय पालिकाले नियम कानूनको परिधिमा रहेर यस विषयमा हस्तक्षेप गर्नुपर्छ । शिक्षालाई लोक उपयोगी, समाज उपयोगी र राष्ट्र उपयोगी बनाउनु पर्छ । गाउँको अर्थ व्यवस्थाको आधार कृषिलाई पनि शिक्षाको विषय बनाउनु पर्छ ।



**मा. नवल किशोर शाह**
सामाजिक विकास मन्त्री, प्रदेश २

कागजमा उच्च शिक्षाको अधिकार प्रदेश सरकारलाई र विद्यालय शिक्षाको अधिकार स्थानीय सरकारलाई दिएको छ तर वास्तवमा संघीय सरकारले प्रदेश र स्थानीय सरकारको अधिकार कुण्ठित गरेको छ । संघीय सरकारले शिक्षक आफ्नो मातहतमा राख्नु यसको एउटा उदाहरण हो ।

सरकारको विचित्रको नियमले चाहेर पनि सक्षम र कुशल विव्यस अध्यक्ष दोहोरिन नपाउने व्यवस्था छ । शिक्षाको जिम्मा प्रदेश सरकारलाई दिनुपर्छ र संघको हस्तक्षेप चल्न दिनु हुँदैन । मातृभाषामा शिक्षा र प्राविधिक शिक्षालाई जोड दिनुपर्छ ।



**रामभरोस कापरी 'भ्रमर'**
भाषाविद्, साहित्यकार



**मोनिका सिंह**
सामाजिक/राजनैतिक
कार्यकर्ता

मन्त्रीहरूले तीन वर्षमा कस्ता नीति नियम बने, कार्यान्वयन के के भए, अनुगमन, सुशासन, मूल्याङ्कनको कुरा गर्नुपर्थ्यो तर आम नेताले आम जनतालाई दिए जस्तै भाषण मात्र आयो । यहाँ प्रश्न राख्नको लागि कुनै निकाय नभएको महसूस भयो ।



**डा. विद्यानाथ कोइराला**
शिक्षाविद्, प्राध्यापक,
त्रिभुवन विश्वविद्यालय

मदरसा शिक्षाको सम्बन्धमा मुख्य तीन वटा काम भएका छन् : त्रिभाषीय पुस्तकहरू उर्दूबाट शुरू गरेर उर्दू, नेपाली र अंग्रेजी तीन वटा विषय एकैचोटी पढ्न पाउने व्यवस्था, पाठ्यक्रम विकास केन्द्र र खुल्ला विश्वविद्यालयसँग सहकार्य गरेर समकक्षता, लुम्बिनी प्रदेशले कक्षा १ देखि ५ सम्मका पाठ्यपुस्तकहरू नेपालीबाट उर्दूमा अनुवाद । अर्को काम लुम्बिनी प्रदेशलाई लक्षित गरेर मदरसा शिक्षाको प्रदेश स्तरीय शिक्षा नीति, शिक्षा ऐन, शिक्षा नियमावली, शिक्षा कार्यविधि र शिक्षा योजना तयार भएको छ र यसको आधारमा एउटा कार्यनीति तयार गर्ने काम अगाडि बढेको छ। शिक्षा आयोगको प्रतिवेदन २०७४/०७५ मा दलितहरूका परम्परागत सीपहरूलाई प्राविधिक शिक्षामा रूपान्तरण गर्नका निम्ति सबै सीपहरूलाई पाठमा परिणत गर्ने र समकक्षता दिने सिफारिस गरिएको छ। दलित समुदायलाई शिक्षकको रूपमा ल्याउने कुरा पनि समावेश गरिएको छ।



**उषा तितिक्षु**
सामाजिक अभियानकर्ता,
फोटो पत्रकार

शिक्षालाई धर्म, रीतिरिवाज र संस्कृतिले धेरै नै असर गरेको छ। मधेशमा धार्मिक हिसाबले हिंसा हुने संकेत अझै बढी छ। हिंसात्मक परिणाम ल्याउन हामी प्रोत्साहन गर्ने कि त्यसलाई रोक्न जिम्मेवारी लिने, यो पनि आगामी दिनमा शिक्षा क्षेत्रको महत्त्वपूर्ण भूमिका हुन्छ। मधेशमा भएको बेटी बचाऊ, बेटी पढाऊमा भएको कमीकमजोरी पनि हेर्नुपर्छ।

हामीले शैक्षिक संस्था, शैक्षिक प्रक्रिया, शिक्षा नीति, शिक्षामा सहभागिता, शिक्षा र राज्य, शिक्षा र समाज, शिक्षा र समृद्धि जस्ता पाटामा छलफल गर्‍यौं। हामीलाई यो मन्थनले बाटो देखाएको छ। हामी आफ्नो ठाउँको आवाज हुनैपर्छ। शिक्षा सपार्न सकिएन भने समाज रुग्ण र कमजोर बन्नेछ। त्यसकारण हामीले अन्य अधिकार र न्यायका कुरा गर्नु भन्दा पहिला शिक्षाबाट शुरूवात गर्नुपर्छ। यो छलफलमा बहुपक्षीय कुराहरू भएका छन्। यो अन्त्य होइन, यो यस्ता छलफलहरूको थालनी हो।



**चन्द्र किशोर**
पत्रकार, गान्धीवादी

# ४ Summary of the Education in Madhesh Webinar

A webinar on educational issues of Madhesh was organized on 4th of November, 2020 amidst the tailing off of Covid-19 infection in Nepal. It had two intentions: a) since CEPP began its work in this ethno-geographic region, it needed a perspective for its confidence for interventions, and b) bring about the issues of education of Madhesh as Province 2, that represents the core of the region, has one of lowest indicators in educational indices. Major concern was that this geographic region that gave all the gurus to the hills and mountains was not doing well in education. People from different walks of life who had and are likely to have influence on education including federal and provincial ministers for education, leaders educationists and civil society activists, local government representatives including women, dalits and Muslims took part in the Webinar (a list participants follows).

The most pressing issue that came up most frequently was that discrimination was the main issue hindering education in Madhesh. Kinds of discriminations ranged from caste-based (being on top) to gender to geographic locations (situation along the Highway and along the border of India and in between). Discrimination by Nepali state also came prominently and it was mostly reflected through the imposition of Nepali as the national language as the medium of instruction. Participation of people from Madhesh also felt reduced in civil services confined to teaching where an entry was informal. Later, they were regularized based on the length of service rather than a standard exam.

Another large cluster of issues was related to governance. Education has not been a priority for any tiers of the government. Municipalities are new and have limited capacity to manage education, lack perspective to prioritize it. Weak co-ordinative role of the Provincial Government was also felt responsible for low efforts in education. People also noted that high investment programmes such as Beti Bachau Beti Padhau (Save Daughters, Educate Daughters) also needed evaluation and refinement.

Among other common problems of the country as a whole including the management of teachers also prominently came up. Their role to perpetuate discrimination was also mentioned as most of them come from better backgrounds while pupils came from lower socio-economic strata. Other issues included corruption, inadequate resources, lack of accountability and poor infrastructure. Other meta-debates about education not being able to teach about everyday problems of life, and not being employment oriented came up. Ironically, while education has not been a political agenda, extreme partisanship was also in over supply in the region.

A movement for education led by the youth was felt needed to respond to the anomalies. Stress was laid on parental, particularly mother, education as well as vocational education of out of school youth. Selection of teachers was emphasized with demands that this authority should come to the lower levels, criticizing the federal level for retaining this right to itself. More thoughts and dialogues were felt on the issue of private schooling, as now, more and more children get enrolled in public schools but rely on private schools for studies. An evaluation of the daughter education programme was demanded.

Obviously, intervention in education entails working to address all kinds of discrimination mentioned. Not much has been addressed about this from the educational front. Concern and capacity in dealing with educational issues will be necessary. Coordinative leadership of the Province can bring significant changes for the improvement of education. A detailed report in Nepali (and Maithili - language spoken by most in Madhesh) is under preparation and will be made available on request.

***This document presents the background of the webinar followed by the summary (the same as this one) and interesting excerpts from the participants followed by the list of participants with their short introduction.***

# List of Participants

***Moderator:*** *Surendra Labh (PhD) Economist, Policy Think-tank Member.*
***Co-conveners of the Webinar:*** *Chandra Kishor, Journalist, Columnist, Gandhian, Teeka Bhattarai, Coordinator and Member Secretary, CEPP.*

## Speakers/Commentators

1. Binay Kumar Kushiyat (PhD), Economics - Researches on Ed., Tribhuvan University
2. Krishna Kapri (Secretary), Ministry of Social Development, Province 2
3. Raj Rajak, Social Activist, Ambedekarian
4. Pramod Mishra (PhD), Lewis University English Department (US) and Columnist
5. Salma Khatun, Deputy Mayor, Pokhariya Municipality, Parsa
6. Abdul Rauf Khan, Retired District Education Officer; Campaigner for Madarsa Ed.
7. Nawal Kishor Yadav, Director, Asman, NGO dedicated to education in Madhesh
8. Tula Narayan Shah, Head, Madhesh Foundation, Social Activist
9. Sarvendtranath Shukla (PhD), Politician, Former Minister of Education
10. Mohna Ansari, Former Member, National Human Rights Commission
11. Kedar Bhakta Mathema, Former Vice Chancellor of TU, Diplomat, Educationist
12. Bidyanath Koirala (PhD), Professor, Faculty of Education, Educational Activist
13. Pradip Giri, Politician, Socialist, Member of Parliament from Siraha
14. Nawal Kishor Shah, Minister for Social Development, Province 2
15. Giriraj Mani Pokharel, Minister for Education, Science and Technology

## Participants


16. Akhilesh Chaudhary, Secretary, School Mgmt Committees Federation of Nepal
17. Amrit Yonjan-Tamang, Lingguist, Language Activist and Tamang Scholor
18. Anant Kumar Lal Das, Headteacher, Journalist
19. Anil Ranjit, Photographer, Multimedia teacher and Path, (NGO)
20. Asmi Koirala, Student
21. Bimala Manandhar, Provincial Education Officer, Province 2, UNICEF
22. Binay Ojha, Save The Children, Province 2
23. Bir Bahadur Rai, Former Teacher, NGO Education Campaigner
24. Brabim Kumar KC, Politician, Youth Activist, Development Communication
25. Chandan Kumar Karna, John Hopkins University, Province 2
26. Gunja Ray, Lawyer, Activist
27. Sushma Dwivedi (PhD), Sociologist
28. Kanhaiya Jha, Retired Professor of Management, Political Activist
29. Krishna P Paudel (PhD), Agriculturist, Policy Analyst, Alliance of Agri for Food
30. Krishna Thapa, Chair, School Management Committee Federation of Nepal (SMCF)
31. Lalan Dwivedi, Teacher turned Campus Chief - now retired.
32. Laxmi Karna, Professor, Social Science, Social Activist
33. Monika Singh, Social /Political Activist
34. Mumtaj Miya Ansari, Social Worker
35. Naresh Gupta, Social Worker
36. Narmaya Thapa, Save-the-Children
37. Nirdosh Ali, Ex President, Muslim Commission of Nepal
38. Paban Adhikari, Teacher Trainer, Samunnat (an NGO)
39. Prakash Silwal, Educational Journalist, Educational Journalist Society
40. Prakash Tharu, Tharu Rights Activist
41. Rakesh Yadav, Public Health Professional
42. Ramesh Devkota
43. Ram Bharos Kapari ‘Bhramar’, Linguist, Literateur
44. Ram Narayan Kurmi, SMC Chairperson
45. Rani Jha, English Teacher, St Mary’s School, Lalitpur
46. Rita Kumari Sah, Writer, Madhesi/Women Activist
47. Roshna Subba, Educational Journalist
48. Shantan Sapkota
49. Shail Shrestha, Bicycle Campaigner, Young Environmentalist

50. Shivhari Bhattarai, Journalist
51. Shivnath Raut, Kahar Education Activist /Learning Centre
52. Shreedhar Paudel, Educational Journalist, EduKhabar
53. Sindrela Dewan, Alliance of Agriculture for Food
54. Sohan Sah (PhD), Researcher, Martin Chautari
55. Somat Ghimire, Political Analyst, Development Worker
56. Sujata Tamang (PhD), Women and Agriculture Specialist, Alliance of Agri for Food
57. Sulav Giri, Teacher Trainer, Life Skills, Samunnat (NGO)
58. Usha Jha, Member (Education), National Planning Commission of Nepal
59. Usha Titikshu, Photo journalist, Social Justice Activist, Cyclist and Path (an NGO)
60. Yuba Raj Laudari, Teacher Trainer, Samunnat (NGO)

***Participants from the Center for Educational Policies and Practices:***
*Basanta Rai (Chair) Samrat Katwal (Vice-Chair), Ram Bhattarai (Treasurer), Bijaya Subba (Board Member, Editing of this Report), Surendra Ghale (Reporting), Arati Thapa (Management), Pravin Yadav and Bishnu Chepang (Staff).*



चित्र : अजमत अली



# مدھیش میں تعلیمی مسائل

بھرچول تبادلہ خیال پروگرام کی مختصر رپورٹ

2077 کارتک 19 گتے بروز بدھ 11 تا 4 بجے شام

(4نومبر 2021)


تعلیمی پالیسی اور مشقی مرکز

تین کونے کاٹھمانڈو